# Personal Loan
## व्यक्तिगत कर्जा आवेदन फारम

Standard Chartered
Standard Chartered Bank Nepal Limited
स्ट्याण्डर्ड चार्टर्ड बैंक नेपाल लिमिटेड

शाखाः ________________ मितिः ________________

यस बैंकमा तपाईको खाता भए, खाता नम्बर.......................................... ।

फोटो

कृपया सबै स्थानहरुमा आवश्यक विवरण उल्लेख गर्नुहोस्, उपयुक्त कोठामा रेजा (√) लगाउनुहोस् ।

**आवेदकको व्यक्तिगत विवरण**

पूरा नाम श्री/श्रीमती/सुश्री : ________________

बाबुको नाम : ________________

आमाको नाम : ________________

बाजेको नाम : ________________

**वैवाहिक स्थिती :** ☐ विवाहित ☐ अविवाहित श्रीमान/श्रीमतीको नाम : ________________

| **जन्म मिति :** दिन | महिना | वर्ष | उमेर | राष्ट्रियता | नागरिकता नम्बर | जारी मिति | जारी गर्ने जिल्ला |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |

स्थायी लेखा नम्बर (PAN Number) ☐ स्थायी लेखा नम्बर जारी मिति (साल/महिना/गते) : ☐ जारी जिल्ला ☐

**आश्रित परिवारको संख्या :** अविभावक ☐ बालबालिका ☐ अन्य भए उल्लेख गर्ने ☐

| **हाल बसोबासको ठेगाना :** | **स्थायी ठेगाना :** (बसोबास गर्ने ठेगानाभन्दा फरक भएमा) | **पत्राचार गर्ने ठेगानाः** |
|---|---|---|
| | | |

**टेलिफोन नम्बर :** घर ☐ इमेल ☐

मोबाइल ☐

**शैक्षिक योग्यता :** ☐ प्राथमिक ☐ माध्यमिक ☐ स्नातक ☐ स्नातकोत्तर

**पेशा :** ☐ चिकित्सक ☐ इन्जिनियर/ परामर्शदाता ☐ चार्टर्ड एकाउण्टेण्ट ☐ विमान चालक

अन्य ________________

**रोजगारीको विवरण (तलबमा काम गर्नेले भर्नुपर्ने)**

रोजगारदाताको नाम : ________________ ठेगाना : ________________ टेलिफोन नम्बर : ________________

पद : ________________ सेवा अवधिः करारमा, स्थायी : ________________

करार समाप्त हुने मिति वा सेवा निवृत हुने मिति : ________________

अघिल्लो रोजगारदाता (वर्तमान रोजगारदाताकोमा सेवा गरेको दुई वर्षभन्दा घटी भएमा) : ____________________

ठेगाना : ____________________

## अविभाजित परिवार विवरण

छोराहरु : ____________________

छोरीहरु : ____________________

बुहारी : ____________________

ससुरा (विवाहित महिलाको लागि) : ____________________

अन्य : ____________________

| वैकल्पिक ठेगानाको विवरण (यदि बसोबासको प्रकृती भाडामा लिएको भएमा मात्र लागू हुने) | | | | | | |
|---|---|---|---|---|---|---|
| वैकल्पिक सर्म्पक व्यक्तिको नाम | सर्म्पक नं (टेलिफोन /मोबाइल नम्बर) | घर नम्बर | मार्गको नाम र मुख्य स्थान | व्यक्तिसँगको नाता | आवासको प्रकार/ स्थायी ठेगाना | सिमा चिन्ह (Nearest Landmark) |
| | | | | | | |

| सम्बद्ध पेशा/व्यापार | | | | |
|---|---|---|---|---|
| क्र.सं | कार्यालयको नाम | ठेगाना र सर्म्पक नम्बर | दर्जा | अनुमानित वार्षिक आय/पारिश्रमिक |
| | | | | |
| | | | | |
| | | | | |
| अनुमानित वार्षिक कारोबार : | | | | |

## मासिक आय तथा व्यय

| मासिक आय | रकम (ग्राहकको प्रयोजनको लागि) | रकम (बैंकको प्रयोजनको लागि) | मासिक खर्च | रकम (ग्राहकको प्रयोजनको लागि) | रकम (बैंकको प्रयोजनको लागि) |
|---|---|---|---|---|---|
| तलब | | | कर्जा भुक्तानी(यो कर्जा वाहेक) : | | |
| श्रीमान/श्रीमतीको आय | | | क्रेडिट कार्ड भुक्तानी : | | |
| व्यवसायबाट आर्जित आय | | | बीमा प्रिमियम : | | |
| अन्य आय | | | टेलिफोन/ग्याँस/बिजुली : | | |
| | | | भाडा : | | |
| | | | कर : | | |
| | | | शिक्षा : | | |
| | | | आवास खर्च (मेडिकल, खाद्यान्न, लत्ताकपडा, मनोरन्जन आदि समेत) | | |
| **कुल आय** | | | **कुल खर्च** | | |

## कर्जाको विवरण तथा भुक्तानी सम्झौता विवरण

| **कर्जा रकम (अक्षरुपी)** | **अंकमा रु.** |
|---|---|

कर्जा लिनुको उद्देश्य : ____________________

मैले माग गरेको भन्दा कम रकममा वा कम अवधीको लागि समेत कर्जा स्विकृत गरी बैंकले कर्जा प्रवाह गरेमा समेत मलाई मान्य हुनेछ ।

### ब्याज सम्बन्धी थप शर्त बन्देज

यस बैंकको हाल प्रकाशित आधार दर ........ रहेको छ। तसर्थ यो मितिमा उक्त कर्जाको वाार्षिक ब्याजदर . . . . . . . % हुने छ। नेपाल राष्ट्र बैंकबाट जारी भएका निर्देशिका बमोजिम गणना गरि प्रकाशित गरिने सम्बन्धित नेपाली त्रैमासको आधार दरलाई आधार मानी त्रैमासिक आधारमा ब्याज दर संशोधन गरिने छ। त्रैमासिक रुपमा बैंकको आधार दरमा हुने परिवर्तनको कारणले मेरो/हाम्रो उपरोक्त कर्जाको ब्याजदर र मासिक किस्ता रकम परिवर्तन हुने कुरा मलाई/हामीलाई मञ्जुर छ। मैले/हामीले लिएको कर्जाको मासिक किस्ताको विवरण सांकेतिक हो र मेरो/हाम्रो कर्जाको ब्याजदर परिवर्तन भएमा मेरो/हा( म्रो मासिक किस्तामा परिवर्तन हुन सक्ने छ र म/हामी उपरोक्त परिवर्तन मञ्जुर गर्दछु/गर्दछौं।

वार्षिक ब्याजदरको (आधार दर + प्रिमियम दर) हकमा बैंकले त्रैमासिक रुपमा प्रकाशन गरेको आधार दरमा थप प्रिमियम दर निर्धारण गर्न सक्नेछ तत्पश्चात निर्धारण भएको ब्याजदर मलाई/हामीलाई मञ्जुरी हुनेछ।

**सेवा तथा शुल्कहरु :**

**ब्याजदर, शुल्क तथा भुक्तानी :**

- मासिक बक्यौताका आधारमा गणना गरिएको साँवा तथा ब्याज समेत समाविष्ट समान मासिक किस्ताहरुमा भुक्तानी दिनुपर्नेछ।
- ................प्रतिशतको दरले कर्जा प्रोसेसिङ शुल्क लाग्नेछ, र कर्जा प्रवाह हुँदाको समयमा मैले यो शुल्क बुझाउनुपर्दछ।
- व्यक्तिगत कर्जा प्रवाह भएपछि मेरो खाता समान मासिक किस्ता (Equated Monthly Installment) को लागि मासिक रुपमा खर्च (Debit) गरिन्छ।
- दैनिक घट्दो मौज्दातमा ब्याजको हिसाब गरी मासिक बक्यौता रहेको आधारमा ब्याजदरको गणना गरिनेछ।
- कर्जाको अवधिमा मेरो ब्याजदरमा वृद्धि भएमा लागू हुने नयाँ दरको जानकारी मलाई दिइने छ।
- कर्जा सूचना केन्द्रबाट कर्जा सूचना लिनका लागि मैले बैंकलाई लाग्ने शुल्क भुक्तानी गर्नेछु।

कर्जा अवधि (महिना) ________________________________

**हर्जाना शुल्क : (कर्जाका शर्तबन्देज उल्लघंन गरेको अवस्थामा मात्रै)**

- कर्जाका शर्तबन्देज उल्लघंन गरेको अवस्थामा मैले लिएको कर्जामा हर्जाना ब्याज लाग्ने छ। यो हर्जाना ब्याजदर बैंकले निर्धारण गरे बमोजिम लाग्नेछ।

**कर्जा प्रवाह पश्चात :**

- कर्जाका शर्त तथा कबुलियतहरु परिवर्तन गर्ने एकल र पूर्ण अधिकार बैंकलाई छ। तर बैंकले कर्जाका शर्त तथा कबुलियतहरु परिवर्तन गर्नु अघि पर्याप्त मात्रामा सोको पूर्व सूचना दिने छ।
- मेरो पेशा, रोजगारी, स्थितिमा भएको कुनै पनि परिवर्तन र ठेगानामा भएको परिवर्तनको जानकारी र यस कर्जाको अवधिभर समय समयमा बैंकले मागेको अन्य कुनै पनि जानकारी मैले बैंकलाई उपलब्ध गराउनुपर्दछ।

### विवरण सच्चाउन अख्तियारी

मैले/हामीले कर्जा आवेदन फारममा भरेको विवरण भुलबस मैले/हामीले पेश गरेको कागजातमा उल्लेखित विवरण भन्दा फरक पर्न गएको पाईएमा मैले/हामीले कर्जा आवेदन साथ पेश गरेका कागजपत्रको आधारमा त्रुटी देखिएका विवरण सच्चाउन बैंकलाई पूर्ण अख्तियारी प्रदान गर्दछु/गर्दछौं।

**जानकारी प्रकट गर्ने सम्बन्धी मन्जूरी** (Consent to Disclosure)

ऋणीले बैंक, बैंकका अधिकृत र प्रतिनिधि (एजेन्ट) हरुलाई निज ऋणीको तथा बैंकमा रहेको निजको खाता र / वा बैंकसँग निजको कारोबार सम्बन्ध एवं निजको कर्जा सुविधाको विवरण, कुनै सुरक्षण दिइएको भए त्यस्तो सुरक्षण, बैंकसँग गरिएको कारोबार, बैंकमा रहेको मौज्दात तथा स्थितीको विवरण समेतको जानकारी ऋणीले यस लिखतद्वारा तपसिलका पक्षहरुलाई प्रकट गर्न वा उपलब्ध गराउन बैंकलाई मन्जूरी दिएको छ :

(१) जुनसुकै क्षेत्राधिकारमा भएका बैंकका कुनै सदस्य तथा प्रतिनिधिहरु (बैंक समेत, “स्वीकृत पक्षहरु”)

(२) स्वीकृत पक्षहरुसँग गोपनियता कायम राख्ने दायित्व भएका स्वीकृत पक्षहरुका व्यवसायिक (professional) सल्लाहकारहरु, बिमक वा बिमा दलाल तथा सुविधा प्रदायकहरु

(३) बैंकको कुनै अधिकार र / वा दायित्वको सम्बन्धमा कुनै सम्झौता अन्तर्गत वास्तविक वा संभाव्य सहभागी वा सहायक सहभागी वा हस्तान्तरण गरिएको निकाय वा हस्तान्तरण गरि लिने निकाय (वा उल्लेखित कुनै निकायको एजेण्ट वा सल्लाहकार),

(४) कुनै स्वीकृत पक्षको स्तर निर्धारण गर्ने कुनै निकाय, वा स्वीकृत पक्षलाई प्रत्यक्ष वा अप्रत्यक्ष कर्जा संरक्षण प्रदान गर्ने निकाय,

(५) कुनै स्वीकृत पक्षहरु उपर क्षेत्राधिकार भएको कुनै पनि कानुन तथा निकायले चाहे बमोजिम।

बैंकबाट मैले लिएको कर्जाको भुक्तानी दिने काममा कुनै त्रुटी गर्ने छैन। मैले भुक्तानी दिन नसकेको अवस्थामा बैंकमा सुरक्षणमा रहेको वा नरहेको मेरो जुनसुकै वैयक्तिक सम्पत्तिबाट बाँकी बक्यौता असुलउपर गर्न बैंकलाई पूर्ण अधिकार दिएकोछु।

# अख्तियारनामा

श्री स्ट्याण्डर्ड चार्टर्ड बैंक नेपाल लिमिटेड,
नयाँ बानेश्वर,
काठमाडौं, नेपाल ।

.......................................................................... बस्ने.......................................................................को छोरा छोरी, नेपाली नागरिता प्रमाणपत्र नम्बर ...................................... वाहक र हाल .....................................................(यसपछि “रोजगारदाता” भनिएको) को कर्मचारी म............................................................. ले यसै लिखतद्वारा श्री स्ट्याण्डर्ड चार्टर्ड बैंक नेपाल लिमिटेड, नयाँ बानेश्वर, काठमाडौं (यसपछि “बैंक” भनिएको) लाई निम्नलिखित कामकारवाही गर्न मेरो पूर्ण अख्तियारी दिएको छु ।

(१) मिति . . . . . . . . . . को व्यक्तिगत कर्जा आवेदन वा सो को संशोधन पत्रानुसार बैंकले उपलब्ध गराएको कर्जाको प्रतिफलस्वरुप मैले बैंकलाई तिर्न बुझाउन बाँकी बक्यौता सावाँ, ब्याज, शुल्क, कमिशन, हर्जाना, चार्ज तथा व्यक्तिगत कर्जा असुलउपर गर्दा हुन गएको अन्य कुनै पनि खर्च वापत रोजगारदाता कहाँ रहेको तथा लिखत अन्तर्गत बैंकमा सुरक्षण स्वरुप राखेको मेरो सम्पूर्ण उपदान तथा निवृत्तभरण वा सोको कुनै भागबाट बैंकलाई तिर्न, बुझाउन सम्पूर्ण बाँकी बक्यौता वा सोको कुनै भाग वापतको भुक्तानी प्राप्त गर्ने अधिकार बैंकलाई हुनेछ ।

(२) कर्जा भुक्तानी गर्न ढिला भएमा वा असमर्थ भएमा वा उक्त रोजगारदाताबाट म अग्रिम रुपमा सेवा निवृत भएको खण्डमा, बैंकको आफ्नो स्वेच्छाले कुनै पनि समयमा मलाई कुनै अग्रिम सूचना नदिई रोजगारदाता कहाँ रहेको मेरो सम्पूर्ण उपदान तथा निवृत्तभरण वा सोको कुनै भागबाट बैंकलाई तिर्न, बुझाउन सम्पूर्ण बाँकी बक्यौता वा सोको कुनै भाग वापतको भुक्तानी प्राप्त गर्ने अधिकार बैंकलाई हुनेछ ।

(३) माथी प्रकरण २ मा उल्लिखित अवस्था उत्पन्न भएको अवस्थामा मेरो तर्फबाट उपदान कोष तथा निवृत्तभरण सुविधा प्राप्त गर्न आवश्यक कुनै वा सबै कागजात सम्पन्न गर्ने (कागजातमा हस्ताक्षर गर्ने लगायत) अधिकार बैंकलाई हुने छ । रोजगारदाता कहाँ रहेको कुनै कोष प्राप्त गर्दा मैले कुनै दावी, विरोध अवरोध वा प्रतिस्पर्धा गर्ने वा सिर्जना गर्ने छैन ।

उपदानकोष तथा निवृत्तभरण सुविधा उपरको मेरो हकको कारणले कानून बमोजिम मसँग रहने वा मलाई उपलब्ध हुने कुनै वा सबै अधिकारहरु पनि यसै लिखितद्वारा अपरिवर्तनिय ढंगले परित्याग गरेको छु । साथै, यसको अतिरिक्त बैंकलाई सम्पूर्ण बक्यौता भुक्तानी दिई बैंकबाट दायित्वमुक्तिको पत्र जारी नभए सम्म यस लिखितमा उल्लिखित शर्तहरु प्रतिकूल हुने गरी कुनै पनि दावी गर्ने वा काम कारवाही गर्ने छैन भनी अपरिवर्तनिय ढंगले पुष्टि गर्दछु ।

आज मिति २०७.... साल ................महिना................गते, रोज ............................का दिन बैंकको कार्यालयमा बसी मेरो स्वतन्त्र सहमति र मन्जूरीले यो अख्तियारनामा गरि दिएको र अख्तियारी दिएको छु ।

## शर्त तथा कवुलियतहरु-व्यक्तिगत कर्जा

यी साधारण शर्त तथा कवुलियतहरु स्ट्याण्डर्ड चार्टर्ड बैंक नेपाल लिमिटेड (यसपछि "बैंक" भनिएको) को व्यक्तिगत कर्जा योजना अन्तर्गत बैंकले उपलब्ध गराएको कुनै पनि कर्जाको हकमा लागू हुनेछन्।

१. यी साधारण शर्त तथा कवुलियतहरुको प्रयोजनको लागि, "ग्राहक" भन्नाले बैंकबाट व्यक्तिगत कर्जा लिनको लागि आवेदन दिने आवेदक सम्झनु पर्दछ, "आवेदन फारम" भन्नाले बैंकको व्यक्तिगत कर्जा योजना अन्तर्गत प्रयोग गरिएको आवेदन फारम सम्झनु पर्छ र "कारोबार गर्ने दिन" भन्नाले कारोबार गर्नको लागि बैंक खुला रहने दिन सम्झनु पर्दछ।

२. कर्जा उपलब्ध गराउने, नगराउने विषय बैंकको एकल स्वविवेकको कुरा हो।

३. ग्राहकले निम्नलिखित कागजातहरु उपलब्ध गराएमा कर्जा उपलब्ध गराउन सकिनेछ :

(क) ग्राहकले रित पूर्वक भरेको आवेदन फारम।

(ख) ग्राहकको रोजगारदाताले दिएको तलबी प्रमाणपत्र।

(ग) ग्राहकले रित पूर्वक दिएको आवेदन फारममा उल्लेख भए बमोजिमको ढाँचामा माग भएको बखत भुक्तानी प्रदान गरिने प्रतिज्ञापत्र।

(घ) निवृत्तभरण/उपदान दावी गर्न पाउने अख्तियारनामा।

(ङ) बैंकले आवश्यक देखि मागेको अन्य जानकारी/कागजात।

४. कर्जा स्वीकृत भएको सूचना बैंकले ग्राहकलाई दिएको मितिदेखि ग्राहकले स्वीकृत रकम उपयोग गर्न पाउने छ। कर्जा निकास भैसकेपछि बैंकले ग्राहकसँग सम्पर्क गर्न नसकेमा स्वीकृत कर्जा ग्राहकको खातामा जम्मा गरिनेछ। ग्राहकले आवेदन दिएको मितिले सात दिन भित्र कर्जाको स्थितिको बारेमा जानकारी लिन बैंकसँग सर्म्पक गर्नु पर्दछ।

५. ग्राहकले आफ्नो नाममा बैंकमा चल्ति/वचत खाता (त्यस्ता खातामा सम्बन्धमा लागू हुने शर्त र कवुलियतहरुको अधिनमा रहि) खोल्ने छ। ग्राहकले कर्जा र ब्याज तथा तत्सम्बन्धमा भुक्तानी योग्य अन्य रकमहरुको पूर्ण रुपमा भुक्तानी र फरफारक नगरेसम्म त्यस्तो खाता कायम राख्ने छ। बैंकले ब्याज, दस्तुर, शुल्क र अन्य खर्चहरु लगायत सो कर्जा अन्तर्गत वा सो कर्जाका सम्बन्धमा भुक्तानीयोग्य सम्पूर्ण रकम ग्राहकको त्यस्तो खाता वा अन्य कुनै खातामा खर्च (Debit) गर्नसक्ने छ।

६. भुक्तानी मिति पछि रकम उपलब्ध भएमा र विगतका बक्यौता खातामा न्यून (Debit) मौज्दात रहेमा, विगतमा बक्यौता खाताको न्यून मौज्दात शून्यीकरण गर्न उपलब्ध रकमको उपयोग गरिनेछ।

७. नेपाल सरकारले समय समयमा कानून परिवर्तन गरी कानून बमोजिम लाग्ने कुनै पनि शुल्कमा हेरफेर गरेको अवस्थामा त्यस्तो हेरफेरलाई आधार मानी कर्जाको किस्ता रकममा हेरफेर गर्नसक्ने अधिकार बैंकमा निहित छ। त्यस्तो हेरफेरको जानकारी आवेदकलाई दिइने छ।

८. बैंकले आवेदन फाराममा उल्लेख गरे बमोजिमका किस्ताहरुमा ग्राहकले कर्जाको भुक्तानी गर्ने छ र कर्जाको सम्बन्धमा बैंकको नियमित व्यवसायको सिलसिलामा सबै शुल्क, दावी(चार्ज) र अन्य खर्चहरु पनि बैंकलाई तिर्ने, बुझाउने छ। ग्राहकले बैंकबाट प्रवाह गरिएको यो कर्जा वा अन्य कुनै पनि कर्जाको अग्रीम भुक्तानी दिन चाहेमा, ग्राहकले त्यस्तो भुक्तानीका सम्बन्धमा बैंकले तोकेको वा लगाए बमोजिमको प्रतिबद्धता शुल्क समेत बुझाउन पर्ने छ।

९.यस लिखतमा वा उल्लिखित आवेदन फाराममा किस्तावन्दीका कर्जाको भुक्तानीका सम्बन्धमा उल्लिखित प्रतिज्ञापत्रमा जुनसुकै कुरा लेखिएको भए तापनि, बैंकले कुनै पनि समयमा आफ्नो एकल स्वविवेकमा सोको कुनै कारण नखोली तत्काल बक्यौता रहेको कर्जाको बाँकी रकम तुरुन्त भुक्तानी गर्न माग गर्न सक्नेछ र त्यस्तो माग भएकोमा ग्राहकले बैंकलाई त्यस्तो बाँकी रकम तथा ब्याज एवं सो कर्जाको सम्बन्धमा ग्राहकले बैंकलाई तिर्नु बुझाउनु पर्ने सबै शुल्क, दस्तुर तथा अन्य खर्चहरु तुरुन्तै बैंकलाई चुक्ता गर्नु पर्दछ।

१०.चल्ति/वचत खातामा जम्मा गरिएको कुनै पनि रकम विगतको बक्यौता खातामा दाखिला गर्न बाँकी सबै बक्यौता किस्ताहरुको आंशिक/पूर्ण रुपमा फरफारक गर्नको लागि उपयोग गरिने छ।

११.ग्राहकले कर्जासँग सम्बन्धित वा तत्सम्बन्धी सबै शुल्क, दस्तुर र खर्चहरु एवं आय टिकट दस्तुर समेत व्यहोर्ने र तिर्ने, बुझाउने छ।

१२.यी साधारण शर्त तथा कवुलियतहरु, वन्धकी लिखत वा अन्य कुनै साधारण शर्त तथा अनुवन्ध वा लिखत अन्तर्गत कुनै शर्त उल्लंघन भएकोमा बैंकले प्रयोग वा उपयोग गर्नसक्ने कुनै अधिकार, हक वा उपचार प्रयोग वा उपयोग नगरेको वा त्यसरी प्रयोग वा उपयोग गर्न ढिलाइ भएको कुराले बैंकको त्यस्तो अधिकार, हक वा उपचारमा प्रतिकुल प्रभाव पार्ने छैन नत यस्तो कुरालाई सोको परित्याग गरेको वा त्यस्तो शर्तको उल्लंघनलाई अप्रत्यक्ष रुपले स्वीकार गरेको भनि व्याख्या नै गरिने छ।

१३.बैंकले आफ्नो एकल स्वविवेकमा कुनै पनि समयमा यी साधारण शर्त तथा कवुलियतहरुमा संशोधन वा हेरफेर गर्न सक्ने छ, र त्यसरी गरिएको संशोधन वा हेरफेरको सूचना ग्राहकलाई दिइनेछ।

१४.कुनै पनि समयमा यी साधारण शर्त तथा कवुलियतहरुको कुनै व्यवस्था गैरकानूनी, अमान्य वा कार्यान्वयन अयोग्य भएमा त्यसले अरु प्रावधानहरुलाई प्रभाव पार्ने छैन।

१५.यस कर्जाको सम्बन्धमा बैंकले दिने कुनै पनि दाविको पूर्जि, म्याद वा सूचना लिखित रुपमा दिइने र ग्राहकले उपलब्ध गराउने पछिल्लो ठेगानामा सम्वोधन गरी पठाइने छ। त्यस्तो पूर्जि, म्याद वा सूचना हुलाकबाट/कुरियरबाट पठाएको मितिमा ग्राहकको नाममा तामेल भएको मानिनेछ। ब्याजदर परिवर्तनको सूचना स्थानीय पत्रपत्रिकामा र/ वा बैंकको परिसरमा सोको सूचना प्रकाशन गरेर पनि दिन सकिने छ।

१६.यी साधारण शर्त तथा कवुलियतहरुको हकमा नेपालको कानून लागू हनेछ र प्रचलित कानून अनुसार यी शर्त तथा कवुलियतहरुको व्याख्या गरिनेछ। ग्राहक र बैंक दुवैले नेपालका सम्मानित अदालतको पूर्ण क्षेत्राधिकार अन्तर्गत अपरिवर्तनीय किसिमले आफुलाई समर्पण गरेका छन्। तर यस्तो समर्पणले ग्राहक विरुद्ध अन्य कुनै पनि क्षेत्राधिकारमा कानूनी कारवाहि चलाउन पाउने बैंकको अधिकारलाई प्रतिकुल असर पार्ने छैन।

१७.बैंकले ग्राहकलाई पत्र पठाई स्वीकृत सुविधाको रकम, मासिक किस्ता, सोको प्रारम्भ र अन्तिम मितिको जानकारी दिने छ। सुविधा स्वीकृत भए पछि सो

पत्र कुरियर सेवा मार्फत ग्राहकको तोकिएको ठेगानामा पठाइने छ र सो पत्र कर्जा आवेदनको अभिन्न अंग हुने छ ।

१८. कर्जाको सम्बन्धमा आवेदन दिएको मितिले सात दिनभित्र ग्राहकले बैंकबाट कुनै पनि जानकारी प्राप्त नगरेमा ग्राहकले सम्बन्धित कर्जा व्यवसाय विकास प्रबन्धक वा शाखा प्रबन्धकसँग सर्म्पक गर्नु पर्दछ । आवेदन दिएको मितिले सात दिनभित्र कुनै पनि जानकारी प्राप्त नगरेको भनि ग्राहकले बैंकलाई जनकारी नदिएको अवस्थामा ग्राहकले कर्जा सम्बन्धी सम्पूर्ण जानकारी प्राप्त गरेको भनि बैंकले बुझ्ने छ ।

१९. बैंकले ग्राहकको पछिल्लो ठेगानामा पत्रचार गर्नेछ । ग्राहकको ठेगानामा कुनै परिवर्तन भएमा सोको जानकारी बैंकलाई दिने दायित्व ग्राहकको हुनेछ ।

२०. हाल ऋणीले प्रयोग गरिरहेको वा भविष्यमा प्रयोग गर्ने मोवाइलबाट संक्षिप्त सन्देश सेवा (SMS) को माध्यमबाट ऋणीले मागेको जानकारी वा सूचना उपलब्ध गराउने निशर्त अख्तियारी ऋणीले यसै लिखतद्वारा बैंकलाई दिएको छ । बैंकले आवश्यक देखेको बखत ऋणीको मोवाइल फोनमा संक्षिप्त सन्देश सेवा मार्फत ताकेता पठाउनसक्ने अख्तियारी पनि ऋणीले बैंकलाई अद्यावधिक गराउने छ ।

२१. मैले लिएको कर्जाको मासिक भुक्तानी मिति अंग्रेजी महिनाको ५ अथवा २० तारिख हुनेछ भनि मन्जूर गर्दछु ।

भुक्तानी मिति अंग्रेजी तारिख ५ को सम्बन्धमा यदि ऋण रकम अंग्रेजी महिनाको १ देखि ३ तारिख सम्ममा बैंकले प्रवाह गरेमा मेरो किस्ता सोही महिनाको ५ तारिख देखि लागु हुनेछ र अंग्रेजी महिनाको ४ तारिख पछि ऋण प्रवाह भएमा उक्त ऋणको महिनावारी किस्ता अर्को महिनाको ५ तारिखमा लाग्ने छ भनि मन्जूर गर्दछु ।

भुक्तानी मिति अंग्रेजी तारिख २० को सम्बन्धमा यदि ऋण रकम अंग्रेजी महिनाको १ देखि १८ तारिख सम्ममा बैंकले प्रवाह गरेमा मेरो किस्ता सोही महिनाको २० तारिख देखि लागु हुनेछ र अंग्रेजी महिनाको १८ तारिख पछि ऋण प्रवाह भएमा उक्त ऋणको महिनावारी किस्ता अर्को महिनाको २० तारिखमा लाग्ने छ भनि मन्जूर गर्दछु ।

कर्जा प्रवाह मिति र पहिलो किस्ता लाग्ने मितिको समयाअवधि एक महिना भन्दा बढि भएमा पहिलो महिनाको किस्ता रकमसंगै जति दिनले समयावधि बढी भएको हो त्येती दिनको ब्याज (Odd day interest) समेत भुक्तानी योग्य हुने छ ।

म घोषणा गर्दछु कि यस आवेदन फारममा उल्लिखित सबै विवरण र जानकारी सत्य, सही र पूर्ण भएको तथा यो आवेदन फारम भर्दा कुनै पनि सारभूत जानकारी जानीजानी नलुकाइएको कुरा एकीन वा घोषणा गर्दछु ।

## व्यक्तिगत कर्जाको सम्बन्धमा तपाईले जान्नु पर्ने महत्वपूर्ण कुराहरु

प्रिय ग्राहक महानुभावहरु,

स्ट्याण्डर्ड "चार्टर्ड" व्यक्तिगत कर्जाको लागि आवेदन दिनु भएकोमा तपाईलाई धन्यवाद दिन चाहन्छौं । हामी स्ट्याण्डर्ड चार्टर्ड बैंक तपाईले आवेदन दिनु भएको कर्जाका शर्त तथा अनुवन्धहरुको जानकारी तपाईलाई गराइ राख्नु पर्दछ भन्ने विश्वास गर्दछौं ।

१. तपाईको रु. ........................ को व्यक्तिगत कर्जाको लागि आवेदन दिनु भएको छ, र तपाईले .................... तारिख देखि प्रारम्भ भई ................ महिनामा मासिक किस्ताहरुमा तपाईले सो कर्जा हामीलाई चुक्ता गर्नु हुने छ ।

२. तपाईले पहिलो किस्ताको रकम शुरुमा रकम झिकेको ............ औं दिनमा बक्यौता हुनेछ । तत्पश्चात कर्जा रकम पूर्ण रुपमा चुक्ता नभएसम्म प्रत्येक महिनाको ............ औं दिनमा किस्ता बुझाउनु पर्नेछ ।

३. किस्ता बुझाउनु पर्ने अन्तिम मितिमा किस्ता रकम वापत हामीले तपाईको चल्ती/वचत खाता स्वतः खर्च (Debit) गर्ने छौं ।

४. तपाईले प्रोसेसिङ शुल्कवापत .................% रकम बुझाउनु पर्नेछ ।

५. तपाईको कर्जामा वार्षिक ............. प्रतिशतका दरले ब्याज जाग्ने छ । बजार अवस्था अनुसार वा तपाईले परिवर्तनिय (Variable) दरको कर्जा लिनु भएको भए उपरोक्त ब्याजको दर परिवर्तन हुन सक्ने छ । कर्जाको अवधिभर ब्याजको दरमा वृद्धि नभएमा उपरोक्त ब्याजदर कर्जाको तमाम अवधिभरको लागि मान्य हुने छ । हामीले तपाईलाई उपलब्ध गराएको कर्जाको भुक्तानी अनूसूची सांकेतिक हो र तपाईको कर्जाको अंक हेरफेर भएमा सो अनुसूचिमा पनि हेरफेर हुनसक्ने छ ।

६. तपाईले कुनै किस्ता रकम म्याद भित्र बुझाउन नसक्नु भएमा, तपाईले किस्ता रकममा हर्जाना ब्याज बुझाउनु पर्ने छ । बैंकको स्वविवेकमा यो हर्जाना ब्याजदरमा कुनै पनि समयमा परिवर्तन गर्न सकिने छ । हाल चुक्ता गर्न नसकेको/बक्यौता रहेको रकममा कर्जा लागू हुने ब्याजदर भन्दा ................ प्रतिशतले बढि हुनेछ ।

७. ऋण समय अवधि अगावै चुक्ता गरिएमा प्रतिबद्धता शुल्क लाग्ने छैन ।

८. हामीले तपाईको कर्जा तथ्याङ्क कानून बमोजिम कर्जा ब्यूरो वा अन्य नियामकहरु सँग आदान प्रदान गर्ने छौं ।

९. तपाईले मासिक बक्यौताहरु नबुझाउनुका परिणामहरु बुझ्नु भएको छ भन्ने कुरा हामीलाई विश्वास छ । त्यसरी नबुझाउँदा तपाईको स्ट्याण्डर्ड चार्टर्ड बैंकमा भएको खाता रोक्का हुने, तपाईको कर्जाको स्तर (Credit Rating) मा नकारात्मक असर गर्ने र तपाईले भविष्यमा कुनै सम्मानित कर्जादाता संस्थाबाट प्राप्त गर्ने कर्जाउपरको पहुँचमा नकारात्मक प्रभाव पर्न सक्छ । साथै, यो जानकारी गराउँदछौं कि स्ट्याण्डर्ड चार्टर्ड बैंकले वक्यौता असुलउपरका लागि आवश्यकताअनुसार कानूनी लगायतका कुनै पनि कदम चाल्न सक्नेछ ।

१०.यो लिखित तपाईको सुविधाको लागि तयार परिएको हो र यसले तपाईको व्यक्तिगतकर्जाको सम्झौतालाई विस्थापन गर्ने छैन ।

११.कर्जाको अवधिभर तपाईले केही कुरा सोध्नु परेमा तपाईले कार्यालय समयमा ०१-४७८२३३३ मा फोन वा नजिकको शाखामा सम्पर्क राख्न सक्नु हुनेछ ।

नाम : _______________

आवेदकको हस्ताक्षर : _______________

मिति : _______________

### For Bank Use Only

Loan Issue Date :.................................

Payment Date : _______________________

We hereby certify that security documentation required in term of the above mentioned limit(s) has been perfected, physically checked and that all limit(s) terms have been compiled with.

| Maker | Checker | Approver |
|---|---|---|